महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८

फाकफोकथुम गाउँपालिका,
इलाम

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९

च.नं. २०

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
फाकफोकथुम गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
इलाम ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G.Fax: 977-1-4268309, Fax: 977-1-426-27-98, Post Box: 13328
Email : aag.mgmt@oagnep.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वासनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(प्रदेश नं. १ र प्रदेश नं. २ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं.: १५ मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
फाकफोकथुम गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
इलाम ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले फाकफोकथुम गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१.पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।

२.लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७/११/१७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया साथ प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट भएको छैन । अन्तिम प्रतिवेदन पाना ३१ यसैसाथ संलग्न छ ।

३.लेखापरीक्षणबाट रु. ५ करोड ६० लाख ६० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२३ लाख २७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ६६ लाख ८२ हजार नियमित गर्नुपर्ने रु. २ करोड ४७ लाख ५५ हजार पेश्की बाँकी रु. २२ लाख ९६ हजार रहेको छ ।

४.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, प्रमूख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

फाकफोकथुम गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस फाकफोकथुम गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाँउपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १०८.७९ वर्ग किलोमिटर क्षेत्रफल तथा २१ हजार ६१९ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चितकोष - आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः
गाँउपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो अनुसारको विवरण प्राप्त भएको छैन । गाँउपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ ।

एकिकृत आर्थिक विवरण २०७६/७७

आय तर्फ				व्यय तथा मौज्दात तर्फ			
सि.नं.	विवरण		रकम	सि.नं.	विवरण		रकम
1	गत वर्षको जिम्मेवारी		३१८८०११९.७८	1	चालु खर्च		२११४८१७४९.६९
	क) सञ्चित कोष	२६१८३८७७.७८			आन्तरिक श्रोत	५५३८८१५.००	
	ख) धरौटी	५४०४१८८.००			राजश्व बाँडफाँड	४७२४००५३.१४	
	ग) मर्मत सम्भार कोष	९८२०५.००			राजश्व बाँडफाँड प्रदेश	३७६०७००.००	
	घ)प्रकोप व्यवस्थापनकोष	१९३८४९.००			समानिकरण अनुदान	१०९३९७०६.००	
					सशर्त अनुदान	१४१६७३३४९.५५	
					समानिकरण प्रदेश	२३२९१२६.००	
					इसिसि खर्च बैंक बाट काटिएको	०.००	
2	राजश्व (आन्तरिक आय)		६६६२७९२८.६७	2	पुंजीगत खर्च		१०५८६८७१०.००
	आन्तरिक स्रोत	१७१६८४५५.३४			आन्तरिक श्रोत	१०७३७३४२.००	
	सघिय राजस्व	४९०९९६७६.७२			राजश्व बाँडफाँड	२०१४९००.००	
	प्रदेश राजस्व	३५९७९६.६१			विशेष अनुदान	१९१२०७०.००	
					समपुरक अनुदान	९४८६४६६.००	
					समानिकरण अनुदान	५७६५१६९४.००	

					सशर्त अनुदान	५७९७६५२.००	
					सशर्त अनुदान प्रदेश	१३६३५५८६.००	
					समानिकरण अनुदान प्रदेश	४६३३०००.००	
3	वित्तीय हस्तान्तरण (संघीय सरकार)		२६३०२७०००.००	3	वित्तीय व्यवस्था		१३७६६७३.००
	क) समानिकरण अनुदान	९३४०००००.००			ऋण भुक्तानी		
	ख) सशर्त अनुदान	१६९६२७०००.००			व्याज भुक्तानी		
	ग) विशेष अनुदान				अन्य भुक्तानी(फुसकोछ्यानो र सडक बोर्ड)	१३७६६७३.००	
	घ) समपुरक अनुदान						
4	वित्तीय हस्तान्तरण (प्रदेश सरकार)		३३१४१०००.००	4	लगानी		२५७१८१६.००
	क) समानिकरण अनुदान	६९८८०००.००			ऋण लगानी		
	ख) सशर्त अनुदान	१४१५३०००.००			शेयर लगानी		
	ग) विशेष अनुदान	२००००००.००		5	विभिन्न कोषको खर्च		२५७१८१६.००
	घ) समपुरक अनुदान	१००००००००.००			क) विविध कोष		
	ङ) अन्य अनुदान				ख) आकष्मिक कोष		
					ग) प्रकोप व्यवस्थापन कोष	२५७१८१६.००	
5	वित्तीय हस्तान्तरण (अन्तर स्थानीय तह)			6	धरौटी फिर्ता/सदरस्याहा		४०४०९७३.००
	अन्तर स्थानीय तह				फिर्ता	४०४०९७३.००	
6	अन्तर सरकारी अख्तियारी		६६५७०५०४.००				
	राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग314010113	१८३९०२.००		7	अन्तर सरकारी अख्तियारी		६६५७०५०४.००
	राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग314010114	६५५०६०.००			राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग314010113	८३८९६२.००	
	सामाजिक सुरक्षा तथा संरक्षण314010123	५६८१६१००.००			राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग314010114		

	गरिब सँग विशेश्वर 336001023	४९५०००.००			सामाजिक सुरक्षा तथा संरक्षण314010123	५६८१६१००.००	
	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम365001043	८४२०४४२.००			गरिब सँग विशेश्वर 336001023	४९५०००.००	
					स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम365001043	८४२०४४२.००	
					राष्टपति महिला उत्थान कार्यक्रम 340001053		
7	अन्य आय			8	मौज्दात		७०९९३४४७.७६
	सडक बोर्ड आम्दानी				**क) सञ्चित कोष**	३१०६८६९२.२५	
8	विभिन्न कोष तर्फको आय		१६५७३२१.००		पुजिगत	५५३०७२३.००	
	क)धरौटी	९३२३२१.००			चालु	२१६६४३११.७१	
	ख) विविध कोष				ख) विविध कोष	१०३८७३३०.८०	
	ग) प्रकोप व्यवस्थापन कोष	७२५०००.००			ग) प्रकोप व्यवस्थापन कोष	४६८५४.००	
					घ) धरौटी	२२९५५३६.००	
9	दायित्व				ङ) निकासा नलिएको अनतर सरकारी वितिय हस्तानतरण		
	पुजिँगत खर्च खाताको दायित्व				छ)शश्रत अनुदान बापतको रकम कम निकासा लिएको		
	चालु खर्च खाताको दायित्व				च) नगद मौज्दात		
	धरौटी खाता दायित्व						
	विविध कोष खाता दायित्व						
	जम्मा		४६२९०३८७३.४५		जम्मा		४६२९०३८७३.४५

कार्यालय– फाकफोकथुम गाउँपालिका, इलाम		आ.व.–२०७६/७७
दफा नं.	**लेखापरीक्षणबाट देखिएका व्यहोरा**	**बेरुजू रकम रु.**
	असुलीको स्थिति – लेखापरीक्षणको क्रममा रु. ६४०८० असुल भएको छ ।	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाँउपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार नगरपालिका तथा गाँउपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वारा भौचरलाई बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको देखिन्छ। • स्थानियतहले बिभाज्यकोषको हिसाब ब्यबस्थित राखेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । यस पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गर्नुपर्दछ । गाँउपालिकाले सुत्रको प्रयोग गरेको भएतापनी गा.पा. चालु , संघीय सर्शत (शिक्षा), प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम, प्रदेश समपुरक एवं प्रदेश विशेष अनुदान तर्फको कारोबार को लेखा श्रेस्ता म्यानुवल रुपमा राखेको देखियो । जसले गर्दा सुत्र प्रणाली अनुसार प्राप्त वित्तीय प्रतिवेदनबाट कार्यालयले गरेको खर्चको यथार्थता एकिन गर्न सकिएन ।	
२.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • गाँउपालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।	

	• गाँउपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाँउपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी वडा तहको समेत सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाँउपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ अनुसार गाँउपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • गाँउपालिकाले सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामान वितरण गरेको पाईयो । • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • वडा कार्यालय तथा विषयगत शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाँउपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेमा गरेको पाईएन । • कतिपय कर्मचारी तथा शिक्षकहरुलाई स्थायी लेखा नम्बर बेगर तलब भत्ता भुक्तानी गर्ने गरेको देखियो । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको र इ-टी.डि.एस. समेत नगरेको पाइयो। • कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।	

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाँउपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- गाँउपालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु . ७५७००००/- खर्च लेखेको पाईयो ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।
- योजनाको खर्च रकम भुक्तानी गर्दा प्रायजसोमा अनुगमन प्रतिवेदन संलग्न गर्ने नगरेको देखियो।
- गाँउपालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा सवारी इन्धनको कोटा निर्धारण गर्ने नगरेको पाइयो ।
- विभिन्न योजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयारीको क्रममा प्रस्ताव आह्वानदेखि छनौट सम्मका प्रकृयाको अभिलेख व्यवस्थित गरि राख्ने नगरेको पाइयो।
- गाँउपालिका प्रमुखले पालिका क्षेत्रभन्दा बाहिर ३ दिन भन्दा बढी अवधीको भ्रमण आदेश कार्यपालिकाबाट स्वीकृत वा अनुमोदन नगराई आफैले स्वीकृत गर्ने गरेको देखियो।
- भ्रमण खर्चको विल साथ भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको देखियो।
- भ्रमण आदेशमा स्पष्ट काम नखुलाई कार्यालय सम्बन्धी काम उल्लेख गर्ने गरेको देखियो।
- बिदाईको अवसरमा दिइने "मायाको चिनो" खरिद कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।
- सुभकामना खर्चमा नियन्त्रण गर्ने नगरेको पाइयो।
- प्रमुख प्रशासकिय अधिकृतले जिल्ला बाहिर भ्रमण गर्दा माथिल्लो तहबाट भ्रमण आदेश स्वीकृत नगराई आफैले स्वीकृत गर्ने गरेको देखियो ।

	• पदाधिकारीहरुलाई मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको देखिएन। • अधिकांश इन्धन खर्चको लगबुक श्रेस्ता साथ राख्ने गरेको पाइएन । • स्वास्थ्य चौकी तर्फका कर्मचारीहरुको भ्रमण आदेश कार्यालय प्रमुखबाट स्वीकृत गर्नुपर्नेमा स्वयमले स्वीकृत गर्ने गरेको देखियो। • सवारी साधन, लोडर, डोजर आदी मर्मत गर्दा फेरिएका पुराना सामानहरु जिन्सीमा फिर्ता गरी सोको अभिलेख राख्ने गरेको पाइएन। • कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम अन्तर्गत कृषकसँगको लागत साझेदारीमा गाई, भैंसीको गोठ, बंगुरको खोर निर्माणमा कृषकको लागत सहभागीता केही न्यून देखिएकोले तोकिएको लागत साझेदारी पुरा गर्ने तर्फ कार्यालयले ध्यान पुर्याउनु पर्ने देखिन्छ। • बैठक भत्ता खर्च लेख्दा कतिपयमा बैठकको माइन्यूट संलग्न गर्ने नगरेको पाइयो। • निर्धारित बजेट एवं कार्यक्रममा कार्यपालिकाको निर्णयबाट अत्यधिक संशोधन, हेरफेर गरी एक शिर्षक एवं योजनाको लागि विनियोजित बजेट अर्कै शिर्षक एंव योजनामा खर्च गर्ने गरेको देखियो । • प्रहरी चौकीको इन्धन, मर्मत, खाजा आदि जस्ता चालु खर्च समेत व्यहोर्ने गरेकोमा नियन्त्रण हुनुपर्ने देखिन्छ। • गोश्वारा भौचरबाट बजेट खर्च गर्दा नियमानुसार कट्टि गरी राखेको विभिन्न विषयको कर रकम सम्बन्धित राजस्व खातामा दाखिला गरेको बैक दाखिला भौचर श्रेष्तासाथ संलग्न गर्ने गरेको देखिएन। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
३.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सरस्वती राईले २०७६।३।९ गते रु. १८ करोड ८३ लाख ४९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१० मा पारित भएको छ । स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने लिखित अख्तियारी प्रदान गरेको देखिएन ।	
४.	**विवरण** – लेखापरीक्षणको क्रममा कार्यालयलाई चौमासिक पुँजिगत खर्चको स्थिति, क्षेत्रगत बजेट र खर्चको विवरण, न्यायिक समितिले गरेको विवाद दर्ता र फर्छ्यौट स्थिति, कानून निर्माणको अवस्था, कर्मचारी व्यवस्थापन स्थिती लगायतका विवरण उपलब्ध गराईदिन माग गरिएकोमा प्राप्त हुन नआएकोले तत् सम्बन्धी स्थितिको विश्लेषण गर्न सकिएन ।	
५.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाँउपालिकाले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए	

	बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।	
६.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा १६ जना कर्मचारीहरु करारमा राखी रु. ७१४४०००/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्वर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको ईन्जिनीयर १, सब ईन्जिनीयर ४, कम्प्यूटर अपरेटर १ र प्रा.स. १ गरी ७ जना कर्मचारी करार नियुक्ति गरी बर्षभरीमा निजहरुको तलब भत्ता सुविधा बापत रु.२३७५४५२/- भुक्तानी गरेकोले उक्त खर्च ऐनसम्मत नदेखिएको रु.......	२३७५४५२/-
७.	**कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई कार्यपालिकाको निर्णयबाट यो बर्ष इन्जिनियर १, सब- ईन्जिनियर १, अ.सब.ई. ३ गरी ५ जनालाई गत आर्थिक वर्षको प्रोत्साहन भत्ता स्वरुप तलब स्केलको ३० प्रतिशतले हुने ८ महिनाको भत्ता बापत रु. ३८५६३२/- खर्च लेखेको छ । यसबाट पालिकाको आर्थिक व्ययभार बढ्न गएको देखिएको रु.......	३८५६३२/-
८.	**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष गाँउपालिका चालु शिर्षकबाट खाना तथा विविधतर्फ मात्र रु. २४५५०००/- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।	
९.	**अनुदान फिर्ता** — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षान्तमा खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार २०७७ असार मसान्तमा संघीय सरकार तर्फ रु. २२१५५९९८।४५ र प्रदेश सरकार तर्फ रु. २३१९५०२/- गरी जम्मा रु. २४४७५५००।४५ अनुदान खर्च नभई बाँकी रहेकोमध्ये २०७७।७।१९ मा संघीय सरकारतर्फ को रु. १८८६१७८२।४५ मात्र फिर्ता गरेको देखियो । संघीय सरकार तर्फको फिर्ता गर्न बाँकी रु. ३२९४२१६/- र प्रदेश सरकारतर्फको बाँकी रु. २३१९५०२/- गरी रु. ५६१३७१८/- लेखापरीक्षण अवधी २०७७।११।११ सम्म पनि सम्बन्धित निकायलाई फिर्ता गरेको नदेखिएकोले फिर्ता गर्नुपर्ने रु....	५६१३७१८/-
१०.	**कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क आदि उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	८५००००	६२५७९८.५०	७३.६२
घरजग्गा वहाल कर	०	८११३.७९	०
व्यवसाय कर	३५००००	३८०००	१०.८५
वहाल विटौरी शुल्क	०	०	०

गाँउपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

११. **मूल्य अभिवृद्धि कर भुक्तानी** - मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार ठेक्का वा करार अन्तर्गत आपूर्ती हुने बस्तु वा सेवाको मूल्य अभिवृद्धि कर सहितको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुने रकम निजको नामबाट कार्यालयले सम्बन्धित राजस्व शिर्षकमा जम्मा गर्नुपर्दछ। गाँउपालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु. ८४५६०/- कट्टि गरी सम्बन्धित राजस्व शिर्षकमा जम्मा नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.. ८४५६०/-

गो.भौ. मिति	आपूर्तक को नाम	मु.अ.कर द. नं.	विल रकम	मु.अ. कर रकम	५० प्रतिशत मु.अ. कर
१२६-०७७।१।१७	एलिशा कम्प्युटर सप्लायर्स	६०२७९१९५७	३५३२२०.७६	४५९१८	२२९५९
१-०७७।३।३१	काष्टमण्डप फर्मा लिंक	-	९४७७११.००	१२३२०२	६१६०१
			जम्मा	१६९१२०	८४५६०

१२. **अग्रीम कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु. ६७७३८/- अग्रिम कर कट्टी नगरेको एवं घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु ६७७३८/-

भौ नं.	करको प्रकार	भुक्तानी लिनेको नाम	भुक्तानी विवरण	कर रकम
गाँउपालिका चालु तर्फ				
४०-०७६।८।१०	अग्रीम कर	धनराज ठाकुर	अत्यावश्यक औषधी खरिद	९००
४५३-०७७।३।३१	बहाल कर	बिमल घिमिरे	न्यायिक समिति तालिम	७०००
४५३-०७७।३।३१	अग्रीम कर	बिमल घिमिरे	न्यायिक समिति तालिम	२४७०
४५३-०७७।३।३१	पारिश्रमिक कर	बिमल घिमिरे	न्यायिक समिति तालिम	१५००
संघीय सशर्त चालु तर्फ				
८-०७६।६।१५	अग्रीम कर	धनराज ठाकुर	आयुर्वेद कार्यक्रम	२४७०
१७-०७६।८।१०	अग्रीम कर	धनराज ठाकुर	आयुर्वेद कार्यक्रम	१३५०
१८-०७६।८।१०	अग्रीम कर	धनराज ठाकुर	आयुर्वेद कार्यक्रम	१०५०
१९-०७६।८।१०	अग्रीम कर	धनराज ठाकुर	आयुर्वेद कार्यक्रम	१५००
७०-०७७।३।३०	बहाल कर	श्री जानकी मा.वि.	ल्याब स्थापना कार्यक्रम	१०००
७०-०७७।३।३०	पारिश्रमिक कर	श्री जानकी मा.वि.	ल्याब स्थापना कार्यक्रम	१८००
२१-०७६।८।१५	सा.सु.कर	-	करार कर्मचारी तलब भत्ता	९६१
२३-०७६।८।१७	सा.सु.कर	-	स्थायी कर्मचारी तलब भत्ता	४८३८
२७-०७६।९।२१	सा.सु.कर	-	करार कर्मचारी तलब भत्ता	३७५४
२८-०७६।९।२१	सा.सु.कर	-	स्थायी कर्मचारी तलब भत्ता	१०८६१

	२९-०७६।९।२१	सा.सु.कर	-	स्थायी कर्मचारी तलब भत्ता	२०४६	
	३१-०७६।९।२१	सा.सु.कर	-	करार कर्मचारी तलब भत्ता	८००	
	स्थानीय पुर्वाधार विकास कार्यक्रम तर्फ					
	९-०७७।३।३१	अग्रीम कर	पाथिभरा रंगशाला खेलमैदान निर्माण उ.स.	गिटि बालुवा संकलन	२३४३८	
			जम्मा		६७७३८	

१३. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाँउपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
स्थानीय पूर्वाधार विकास कार्यक्रम				
ज्योती आ.वि. खेलमैदान निर्माण उ.स.	खेलमैदान निर्माण	१४५५०००	स्क्याभेटर	१४४३२३१
दोभान डाँडाँ देखि सल्लेरी आमचोक सडक स्तरोन्नती उ.स.	सडक स्तरोन्नती	९७००००	स्क्याभेटर	९६१०७१
लुम्दे जालपा कैदले थावाखोला उ.स.	सडक स्तरोन्नती	१४५५०००	स्क्याभेटर	१६११३७६
गाँउपालिका पूँजिगत तर्फ				
पौडेल गाउँ बोहोरा गाउँ योङहाङ्ग देउमाई घाट सडक स्तरोन्नती	सडक निर्माण	२००००००	स्क्याभेटर	१५०७५९९
हेल्थपोष्ट रातमाटे कनसेरीघाट सडक स्तरोन्नती	सडक निर्माण	९९७५००	स्क्याभेटर	७००४२७
मित्तोक आ.वि. गौरिगाउँ तिवाखोला सडक वडा नं.७ उ.स.	सडक निर्माण	३०००००	स्क्याभेटर	२६१६२३
ज्योती आ.वि. सोमबारे दोभान बाङ्गेबर कोल्बोटे सडक वडा नं.१ र २	सडक निर्माण	६०००००	स्क्याभेटर	४१३९२९
		जम्मा		

१४. **दायित्व फरफारक –** कार्यालयले विभिन्न शिर्षकमा दाखिला गर्न भनी दायित्वमा राखेको रकमको वर्षान्तमा सम्बन्धित शिर्षकमा दाखिला गरी दायित्व फरफारक गर्नुपर्दछ । कार्यालयले देहायका विवरण अनुसार विभिन्न शिर्षकमा दायित्व देखाएको रकम वर्षान्तमा सम्बन्धित शिर्षकमा दाखिला नगरी दायित्व बाँकी राखेको देखियो । तसर्थ दायित्वमा देखाएको रकम सम्बन्धित शिर्षकमा दाखिला गरी दायित्व फरफारक गर्नुपर्ने रु... १३६२६२३/-

ब.उ.शि.नं.	**दायित्वमा देखाएको शिर्षक**	**दायित्व रकम**
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पूँजिगत	विभिन्न शिर्षकको कर	२४९७६१
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पूँजिगत	धरौटी	१५५२००
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु	विभिन्न कट्टी तथा कर	९४३४४६
स्यानेटेरि प्याड कार्यक्रम तर्फ	अग्रीम कर	१४२१६
जम्मा		**१३६२६२३**

१५. **लेखा श्रेष्ता –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३५ मा कार्यालयले गरेको आर्थिक कारोबार सम्बन्धि लेखा श्रेष्ता अन्तिम लेखापरीक्षणमा पेश गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । देहाएको कारोबारको लेखा श्रेष्ता लेखापरीक्षणको क्रममा पेश हनु नआएकोले अविलम्ब पेश गरी अन्तिम लेखापरीक्षण गराउनुपर्ने रु... १३१३१९५४/-

ब.उ.सि.	**गो.भौ. नं. र मिति**	**खर्च रकम**
गा.पा. पूँजिगत	५।०७६।६।१५	१४८१११८
गा.पा. पूँजिगत	८।०७६।०७।३१	१८०४७१३
गा.पा. पूँजिगत	२७।०७७।१।१८	१२८६००२
गा.पा. पूँजिगत	२८।०७७।१।१८	७५०६४२
गा.पा. पूँजिगत	२९।०७७।१।१८	१७७६९६७
गा.पा. पूँजिगत	३४।०७७।१।२०	४४३५०००
संघिय सरकार बाट हस्तान्तरित कार्यक्रम पूँजिगत	४।०७७।३।१८	११०२५१२
गरीब सँग विश्वेसर कार्यक्रम	सबै श्रेस्ता	४९५०००
जम्मा		**१३१३१९५४**

१६. **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने र श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

गो.भौ.र मिती	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
६७।०७७।३।१७	वडा कार्यालय भवन निर्माण फाकफोकथुम वडा नं.७ उ.स.	आर.सि.सि. भवन निर्माण वडा नं. ७	१६९४८४४

८५।०७७।३।१८ र २१०।०७७।३।३१	वडा कार्यालय भवन निर्माण वडा नं. ४ उ.स.	आर.सि.सि. भवन निर्माण वडा नं. ४	३६२२८१५	
२१४।०७७।३।३१	वडा कार्यालय भवन निर्माण वडा नं. ५	आर.सि.सि. भवन निर्माण वडा नं. ५	११६८८३८	
	जम्मा		६४८६४९७	

	गाँउपालिका चालु तर्फ	
१७.	**पदाधिकारी सुविधा –** गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (संसोधन सहितको) दफा ३ अनुसूची १ (क) मा उल्लेख भए भन्दा बढी नहुने गरी पदाधिकारीहरुलाई सुविधा खर्च लेख्नु पर्दछ । ऐनमा पदाधिकारीहरुलाई चाडपर्व खर्च बापत बढीमा रु. १० हजारका दरले मात्र पाउने व्यवस्था छ भने पोशाक बापतको सुविधा दिने व्यवस्था उल्लेख छैन । त्यसैगरी कार्यालयको मोटरसाईकल प्रयोग गरी इन्धन खर्च समेत भुक्तानी लिएको अवस्थामा मासिक यातायात सुविधा बापतको रकम भुक्तानी दिन मिल्ने देखिँदैन । गाँउपालिकाले पदाधिकारीहरुको सुविधा भुक्तानी गर्दा ऐनमा तोकिए भन्दा बढी हुने गरी सुविधा रकम भुक्तानी गरेकोले यसरी बढी भुक्तानी भएको रकम देहायअनुसार असुल हुनुपर्ने रु......	५००९४०/-

सि. नं.	दर्जा नाम थर	बढी सुविधा भुक्तानी			कर कट्टी बाहेक जम्मा बढी भुक्तानी
		चाडपर्व खर्च	पोशाक भत्ता	यातायात सुविधा	
१	अध्यक्ष राम कुमार श्रेष्ठ	३४०००	१००००	०	४३५६०
२	उपाध्यक्ष सरस्वती राई	२००००	१००००	०	२९७००
३	वडा अध्यक्ष टेक विर लिम्बु	६०००	१००००	०	१५८४०
४	सदस्य सिता बराईली	०	१००००	०	९९००
५	वडा अध्यक्ष यम बहादुर खत्री	६०००	१००००	०	१५८४०
६	सदस्य हर्क माया राई	०	१००००	०	९९००
७	सदस्य बाल कुमारी परीयार	०	१००००	०	९९००
८	सदस्य खड्ग बहादुर राई	०	१००००	०	९९००
९	वडा अध्यक्ष राजन पौडेल	६०००	१००००	०	१५८४०
१०	सदस्य चन माया मगर	०	१००००	०	९९००
११	सदस्य अमृता नेपाली	०	१००००	०	९९००
१२	सदस्य सुर्य प्रसाद गिरी	०	१००००	०	९९००
१३	सदस्य सुवास चन्द्र राई	०	१००००	०	९९००
१४	वडा अध्यक्ष हरी प्रसाद दङ्गाली	६०००	१००००	०	१५८४०
१५	सदस्य कविता राई	०	१००००	०	९९००
१६	सदस्य नरमाया कामी	०	१००००	०	९९००
१७	सदस्य इन्द्रकुमार नेम्बाङ्ग	०	१००००	०	९९००
१८	सदस्य जिवन बलमपाकी	०	१००००	०	९९००
१९	वडा अध्यक्ष सिद्धमान आले	६०००	१००००	०	१५८४०

२०	सदस्य कल्पना राई	०	१००००	०	९९००
२१	सदस्य सरस्वती वि.क.	०	१००००	०	९९००
२२	सदस्य कृष्ण कुमार राई	०	१००००	०	९९००
२३	सदस्य तुलाराम दर्लामी	०	१००००	०	९९००
२४	वडा अध्यक्ष डिक बहादुर थापा	६०००	१००००	०	१५८४०
२५	का.पा. सदस्य लक्ष्मी माया गुरुङ्ग	२०००	१००००	०	११८८०
२६	सदस्य सिता देवी कामी	०	१००००	०	९९००
२७	सदस्य डम्बर बहादुर दाहाल	०	१००००	०	९९००
२८	सदस्य राजकुमार श्रेष्ड	०	१००००	०	९९००
२९	वडा अध्यक्ष लोक बहादुर गोदार	१००००	१००००	४८०००	६७३२०
३०	सदस्य दुर्गा देवी थापा	०	१००००	०	९९००
३१	का.पा. सदस्य भुमिका दियाली	२०००	१००००	०	११८८०
३२	सदस्य शशीधर खनाल	०	१००००	०	९९००
३३	सदस्य पञ्च बहादुर योङ्गहाङ्ग	०	१००००	०	९९००
३४	का.पा. सदस्य चन्द्र बहादुर बर्देवा	२०००	१००००	०	११८८०
३५	का. पा. सदस्य सुवास चन्द्र राई	२०००	१००००	०	११८८०
	जम्मा				**५००९४०**

१८.	**आर्थिक सहायता** – गाँउ कार्यपालिकाको २०७६।११।२३ को बैठकको निर्णयबाट पारित आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को बुँदा नं. ९ मा सहायता प्रदान गर्दा न्युनतम रु. १० हजार देखी अधिकतम रु. २ लाख सम्म दिन सक्ने व्यवस्था छ । त्यस्तै क्यान्सर, मुटु, मृगौला तथा मस्तिष्कघात जस्ता रोगको उपचारमा बिरामीको आर्थिक अवस्था हेरी बढीमा रु. ५० हजार सम्म सहायता दिन सकिने उल्लेख छ । यसरी सहायता प्रदान गर्दा वडा कार्यालयको सिफारिस, प्रहरी प्रतिवेदन मुचुल्का, क्षतीको फोटो, सामान्य उपचार सहयोगमा चिकित्सकको जाँच एवं सिफारीसको प्रमाण र कडा रोगको हकमा मेडिकल बोर्डको सिफारिस आवश्यक पर्ने उल्लेख छ । गाँउपालिकाले रु. १० हजार सम्मको सहयोगको लागि अध्यक्षको आदेशले प्रमुख प्रशासकीय अधिकृतबाट सोझै दिन सक्ने र सो भन्दा माथीको सहयोग दिनुपर्दा कार्यपालिकाबाट निर्णय गराउनु पर्ने उल्लेख छ । गाँउपालिकाले सहायता वितरण सम्बन्धी कार्यविधि २०७६।११।२३ मा पारित गरेको भएतापनी सो भन्दा अगावै सहायता बापत रु. ५ लाख ९४ हजार खर्च गरेको देखियो । त्यसैगरी गाँउपालिकाले यस वर्ष औषधी उपचार, प्राकृतिक प्रकोप आदिबाट पिडीत विभिन्न व्यक्तीहरुलाई कार्यपालिकाबाट निर्णय समेत नगराई रु. २० हजार देखी रु. १ लाख सम्म गरी रु. १७ लाख , सिंहदेवी मा.वि., आमचोक लाई पुराण सहयोग बापत रु. ९४६७२/- र गाँउपालिका पूँजिगत शिर्षकबाट समेत रु. ७३००००/- गरी जम्मा रु. २५२४६७२/- आर्थिक सहायतामा खर्च गरेको छ । प्राकृतिक प्रकोप, आगजनी, पशु चौपायाको मृत्यु आदीमा घटना स्थलको प्रहरी प्रतिवेदन मुचुल्का अधिकांशमा संलग्न गर्ने गरेको देखिएन । यसरी गाँउपालिकाले आफैंले बनाएको कार्यविधिमा भएको व्यवस्थाको पालना नगरी आर्थिक सहायता वितरण गर्नु नियमसम्मत देखिएन ।	
१९.	**हेभि मेसिन मर्मत तथा इन्धन खर्च** – स्थानीय तहले आफ्नो नाममा रहेका इस्काभेटर, ब्याकहो लोडर जस्ता हेभि मेसिनरीको कार्य सञ्चालन सम्बन्धी कार्यविधि स्वीकृत गरी सो अनुसार आय आर्जन समेत	

हुने गरी सञ्चालन गर्नुपर्दछ । गाँउपालिकाको जिन्सी खातामा आम्दानी जनाएका एक/एक इस्काभेटर एवं ब्याकहो लोडर यर्स वर्ष पटक पटक विभिन्न काममा प्रयोग गरेको भनी इन्धन बापत रु. ४१२०९६/- र मर्मत बापत रु. ५३४२६४/- गरी रु. ९४६३६०/- खर्च गरेको देखियो । यसै गरी हेभि मेसिनरी चालक तथा सहचालक सहयोगी ३ जनालाई तलब भत्ताका अतिरिक्त प्रति घण्टा रु. १५०/- ले चालक भत्ता र प्रति दिन रु. २५० ले खाना खाजा खर्च समेत गर्ने गरेको छ । यस बाहेक ती मेसिनरीको लागी आवश्यक इन्धन इलाम देखी ढुवानी गरेको देखाई रु. ८००००/- ढुवानी खर्च समेत लेखेको पाइयो । यसरी हेभि मेसिनरी सञ्चालन सम्बन्धी खर्च वृद्धि गर्दै गएको भयता पनि मेसिनको वार्षिक आम्दानी भने शुन्य देखियो । हेभि मेसिन सञ्चालनको लगबुक परीक्षण गर्दा स्वास्थ्य भवन, सहकारी भवन, जनजाती भवन, आमचोक-ठिँगेपुर-पञ्चमी सडक स्तरोन्नती जस्ता काममा मेसिन प्रयोगमा आएको देखियो । यसरी उपभोक्ताको काममा समेत प्रयोग देखिएको मेसिनरीबाट स्थानीय तहले तोकिदिएको शुल्क अनुसारको रकम असुल हुनु पर्नेमा असुल गरेको देखिँदैन । तसर्थ गाँउपालिकाले हेभि मेसिन सञ्चालन सम्बन्धी कार्यविधि बनाई आय आर्जन समेत हुने गरी सोको व्यवस्थापनमा ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

२०. **चालक भत्ता** - कार्यालयले कर्मचारीलाई सुविधा खर्च लेख्दा मितव्ययीतालाई मध्यनजर गरी दोहोरो नपर्ने गरी खर्च लेखुपर्दछ । कार्यालयले निम्नानुसारका इस्काभेटर एंव ब्याकहोलोडर चालकलाई मासिक तलब भत्ताको अतिरिक्त कार्यपालिकाबाट निर्णय गरी प्रति घण्टा रु. १५०/- का दरले चालक भत्ता र दैनिक रु. २५०/- का दरले खाजा खाना खर्च बापतको सुविधा भुक्तानी दिएको देखियो । यसरी सुविधामा दोहरोपन देखिने गरी मितव्ययिताको सिद्धान्तको पालना नगरी सुविधा खर्च भुक्तानी दिन मनासिब देखिँदैन । सुविधा भुक्तानी गर्दा संलग्न लगबुक अनुसार हेभिमेसिनेरी नचलेको अवधिको समेत सुविधा खर्च लेखेको देखिँदा उक्त बढी सुविधा खर्च लेखेको रकम असुल गर्नुपर्ने देखिएको रु....... ६३७५०/-

भौ.नं. र मिति	चालकको नाम	मेसिन प्रयोग अवधी	भुक्तानी रकम	बढी भुक्तानी	कैफियत
१९३-०७७।२।२८	महेश प्रसाद अधिकारी	२०७५।८।१०-२०७५।१०।२९ र २०७६ श्रावण देखि मार्ग सम्म	१८८९५०	३०५००	२०७६ श्रावण देखी मार्ग सम्म ५६ दिन मात्र लोडर चलेको लगसिटबाट देखिएको र २०७५।८।१० देखि २०७५।१०।२९ सम्मको लगसिट नै नभएकोले खाजा खर्च भुक्तानी १७८ दिन मध्ये १२२ दिनको खर्च लेख्न नमिल्ने ।
२३१	टीकाराम रिजाल	२०७६।७।२८-२०७६।८।२७	११०९५०	३३२५०	उक्त अवधिमा ४१ दिन मात्र डोजर चलेको लगसिट बाट देखिएकोमा १७६ दिनको खाजा खर्च लेखेकोले १३३ दिनको खाजा खर्च बढी भएको
२७७-०७७।३।२६	टीकाराम रिजाल	२०७७ बैशाख देखि २०७७ आषाढ सम्म			
		जम्मा		**६३७५०**	

२१. **पुल हेरालु पारिश्रमिक** - झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत पुल हेरालुलाई पारिश्रमिक बापत मासिक रु. ५००/- का दरले खर्च लेख्न मिल्दछ । कार्यालयले देहायका पुल हेरालुलाई मासिक रु. १०००/- का दरले पारिश्रमिक दिएकोले पाउनेभन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु..... ९०००/-

भौ.नं. र मिति	नाम थर	अवधि	दिनुपर्ने	दिएको	बढी
६६-०७६।९।२१	टिकादेवी आङ्गदम्बे	श्रावण-पौष	३०००	६०००	३०००
६६-०७६।९।२१	फूलमाया तामाङ्ग	श्रावण-पौष	३०००	६०००	३०००
६६-०७६।९।२१	सुखमाया लिम्बु	श्रावण-पौष	३०००	६०००	३०००
	जम्मा		९०००	१८०००	९०००

२२.	**नागरिक भत्ता वितरण –** स्थानीय तहले आफ्नो क्षेत्रमा अनुत्पादक, पुँजी वृद्धि नहुने, महत्वाकांक्षी एवं वितरणमुखी योजनाहरुलाई निरुत्साहित गर्दै उत्पादनमुलक योजनाहरुमा बजेट विनियोजन गर्नुपर्दछ । गाँउपालिकाको आफ्नो आन्तरिक श्रोत पर्याप्त भई वितरणमुखी योजनाहरु नै सर्वसम्मतीले छनौट गरेमा पनी नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरो नपर्ने गरी कार्यविधि स्वीकृत गरेर मात्र कार्यान्वयनमा ल्याउनुपर्दछ । नेपाल सरकारले स्वास्थ्य कार्यक्रम अन्तरगत गर्भवती महिलालाई स्वास्थ्य संस्थामा आई गर्भवती जाँच गराउँदा यातायात खर्च तथा सुत्केरी हुँदा पोषण भत्ता समेत दिँदै आएको छ । यसरी नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरोपन हुने गरी गाँउपालिकाले यस वर्ष सुरक्षित मातृत्व तथा सुत्केरी स्याहार बापत प्रति सुत्केरी रु. ३०००/- ले र मृत्यु दाहसँस्कार सहयोग स्वरुप रु. ५०००/- ले सुविधा प्रदान गरी रु. १२५४०००/- खर्च लेखेको छ । यसरी प्रदान गरेको भत्ता सुविधाहरु सम्बन्धी कुनै पनी कार्यविधि बनाएको देखिएन । गाँउपालिकाको आन्तरिक आय र चालु खर्चको विश्लेषण गर्दा यस वर्ष पालिकाले रु. २७ लाख ९९ हजार आन्तरिक आय संकलन गरेकोमा तलब सुविधा लगायतका चालु खर्चमा रु. ५ करोड १३ लाख ७२ हजार खर्च हुन गई चालु खर्चको ५.४५ प्रतिशत हिस्सा मात्र आन्तरिक आयले धानी बाँकी सबै राजस्व बाँडफाँड र वित्तिय समानिकरण अनुदान बापत संघ र प्रदेश सरकारबाट प्राप्त हुने रकमबाट व्यहोर्नु परेको स्थिति छ । यसरी प्राप्त रकमको अधिकांश हिस्सा चालु तथा प्रशासनिकतर्फ खर्च गर्नु परेपछि पुँजिगत प्रकृतिका योजना सञ्चालनमा बढोत्तरी हुन नसक्नु स्वभाविक हुन जान्छ । यसरी आन्तरिक श्रोतले चालु खर्च धान्न नसकेको अवस्थामा अनुत्पादक, नगद वितरणमुखी योजनाहरुलाई निरुत्साहित गर्न गाँउपालिकाले ध्यान पुर्याउनुपर्ने देखिएको रु......	१२५४०००/-
२३.	**विद्यालय अनुदान –** समानिकरण अनुदान समेत समावेश भएको गाँउपालिका चालु बजेट बाट निजी शिक्षकहरुको तलब भत्ता, बिद्यालय कर्मचारी तथा बाल विकास सहजकर्ताहरुलाई थप प्रोत्साहन अनुदानमा खर्च गर्न मिल्ने देखिँदैन । संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम मार्फत बिद्यालय कर्मचारी तथा बाल विकास सहजकर्ताहरुको तलब भत्ता पारीश्रमिक बापत तोकिएको रकम अनुदान स्वरुप निरन्तर निकाशा गई रहेको अवस्था छ । त्यसै गरी प्रदेश सरकार मार्फत ती क्षेत्रमा प्रोत्साहन स्वरुप रु. १००००/- का दरले अनुदान प्रदान भएको देखिन्छ । त्यस अतिरिक्त गाँउपालिकाले सिहंदेवी आधारभुत विद्यालयका दृष्टीविहिन का.स. तुलसी सुब्बाको शिक्षण पारीश्रमिक बापत रु. १०४०००/- , विभिन्न ४१ विद्यालयका कर्मचारी एंव बाल विकास सहजकर्तालाई थप प्रोत्साहन स्वरुप रु. ६३४५००/- र एकतप्पा बहुमुखी क्याम्पसका शिक्षकको तलब भत्ता बापत रु. ७०००००/- गरी रु. १४३८५००/- विद्यालयलाई निकासा दिएको देखियो । यसरी समानिकरण अनुदानको समेत हिस्सा रहेको गाँउपालिका चालु बजेट बाट दोहरो तेहरो हुने गरी अनुदान बापत गरेको खर्च नियमसम्मत नदेखिएको रु....	१४३८५००/-
२४.	**बढी भुक्तानी –** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा कार्यालयले स्वीकृत बजेट बाट खर्च लेख्दा संलग्न विल भरपाईको जोड जम्मा गरी हुन आउने रकम मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । त्यसै गरी खर्चलाई पुष्टयाई गर्ने प्रमाण कागजातहरु समेत खर्चको गोश्वारा भौचरसाथ संलग्न गर्नुपर्दछ । गाँउपालिकाले देहायका गोश्वारा भौचरहरुमा संलग्न विल भरपाईको जोड जम्मा अनुसार हुन आउने रकम भन्दा बढी खर्च लेखेको, खर्चलाई पुष्टयाई गर्ने प्रमाण कागजातहरु संलग्न नगरेको देखियो । यसरी बढी खर्च लेखेको र खर्चको पुष्टयाई प्रमाण नभएको खर्च रकमको सम्बन्धमा आधिकारिक प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धित कर्मचारीलाई समेत जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.....	७७१४५०/-

भौ नं. र मिति	खर्चको विवरण	भुक्तानी लिनेको नाम	खर्च लेख्नुपर्ने रकम	खर्च लेखेको रकम	बढी खर्च रकम
१५७-०७७।२।२३	न्यायीक समितिको बैठक भत्ता	सदस्य सचिव बिमल घिमिरे	०	६९७००	६९७००
२४९-०७७।३।२२	खरिद समितिको बैठक भत्ता	इन्जिनियर कुशल खनाल	४८०००	६०८००	१०८८० (कट्टी कर घटाई)
३८८-०७७।३।३१	सवारी साधन बिमा नविकरण, इन्धन तथा खेलकुद सामग्री खरिद	विभिन्न आपूर्तक	८५४२७८	९०३१४८	४८८७०
४३२-०७७।३।३१	खेलकुद कार्यक्रम (बिल भरपाई तथा अनुगमन प्रतिवेदन नभएको)	माईभ्यालि फुटवल क्लब	०	५००००	५००००
४३३-०७७।३।३१	ग्रन्थ प्रकाशन खर्च (बिल भरपाई तथा अनुगमन प्रतिवेदन नभएको)	किराँत धर्म तथा साहित्य उत्थान	०	१०२०००	१०२०००
४३३-०७७।३।३१	नाटक महोत्सव (महोत्सव भएको प्रमाण नदेखिएको)	साहित्यकला तथा संगित प्रतिष्ठान इलाम	०	३००००	३००००
४४५-०७७।३।३१	फुटबल प्रतियोगिता (वडाको सिफारिस, अनुगमन प्रतिवेदन, खेलकुद कार्यक्रमको फोटो समेत नभएको)	खेलकुद विकास समिति फाकफोकथुम ६	०	३१००००	३१००००
४५२-०७७।३।३१	सफ्टवेयर खरिद (उक्त सफ्टवेयर कार्यालयमा नदेखिएको)	स्मार्ट टेक सोलुसन प्रा. लि. (इन्जिनियर कुशल खनाल)	०	१५००००	१५००००
	जम्मा				**७७१४५०**

२५. **अनुदानको उपयोग –** स्वीकृत कार्यक्रम अनुसारका योजनाहरुमा कार्यालयले अनुदान स्वरुप खर्च लेखेको रकमको अधिकतम सदुपयोग हुनुपर्दछ । यसरी अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा कार्यालयले नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन समेत तयार गर्नुपर्दछ । देहायका योजना तथा कार्यक्रमहरुमा गाँउपालिकाले दिएको अनुदान रकमबाट खरिद गरेका सामानहरु वितरण गरेको प्रमाण नभएको साथै खरिद गरेका सामानहरु जिन्सी खातामा विधिवत रुपमा आम्दानी जनाएको समेत देखिन आएन । यसले गर्दा अनुदान बापत खर्च लेखेको रकमको सदुपयोग भएको देखिन नआएको रु........ १६१०५६७/-

भौ. नं. र मिति	अनुदान पाउने संस्थाको नाम	अनुदान खर्च विवरण	रकम	कैफियत
२५०-०७७।३।२३	जनकल्याण मा.वि.	स्काउट कपडा खरिद	५००००	स्काउट ड्रेस वितरणको प्रमाण नभएको
२९७-०७७।३।२९	अल्पसंख्यक सम्बन्धी कार्यक्रम सञ्चालन वडा नं. ३	१९ वटा सुँगुर खरिद	१०००००	सुँगुर वितरणको प्रमाण नभएको
३०४-०७७।३।२९	नेपाल आदिवासी जनजाती महासंघ	प्लास्टिक चेयर ५५ थान, दराज १ थान, अफिस टेबुल १ थान खरिद, टि टेबुल १ थान, अफिस चेयर १ थान खरिद	६९२५०	उक्त सामानहरु महासंघको जिन्सी खातामा आम्दानी नगरेको

३२२-०७७।३।३१	महिला सञ्जाल समिति वडा नं. ७	प्लास्टिक चेयर १०० थान, फोम चेयर ३ थान, दराज १ थान, अफिस टेबुल २ थान, टेन्ट १ सेट खरिद	१९९९९९	उक्त सामानहरु महिला सञ्जालको जिन्सी खातामा आम्दानी नगरेको
३३१-०७७।३।३१	मानव अधिकार मेलमिलाप समिति वडा नं. ४	प्लास्टिक चेयर २५ थान, टेबुल २ थान, दराज २ थान खरिद	५९९१५	उक्त सामान समितिको जिन्सी खातामा आम्दानी नगरेको
३३५-०७७।३।३१	गा.पा.स्तरीय आदिवासी जनजाती महासंघ	जातीय ढोल ६ थान, झ्याम्टा ४ थान, प्लास्टिक कुर्सी १०० थान, स्टील दराज १ थान, स्टील टेबुल १ थान, टी टेबुल १ थान, पोडियम १ थान, दरी ४ थान खरिद	२८१४०३	उक्त सामान समितिको जिन्सी खातामा आम्दानी नगरेको
३९६-०७७।३।३१	युवा तथा खेलकुद समिति वडा नं. ३	भलिबल, फुटबल, ब्याडमिन्टन, फुटवल ड्रेस २६ जोर आदि सामान खरिद	५००००	उक्त सामान जिन्सी खातामा आम्दानी नगरेको तथा कार्यक्रम सञ्चालनको प्रमाण नभएको
३९९-०७७।३।३१	आदिवासी जनजाती महासंघ वडा नं. २	दराज २ थान, टेबुल २७ थान, प्लास्टिक कुर्सी २०० थान खरिद	२०००००	उक्त सामानहरु जिन्सीमा आम्दानी नगरेको
४००-०७७।३।३१	महिला छाता संगठन वडा नं. २	ल्यापटप २ थान, डेस्कटप १ थान, प्रिन्टर २ थान खरिद	२०००००	उक्त सामानहरु जिन्सीमा आम्दानी नगरेको
४०७-०७७-३।३१	आदिवासी जनजाती महासंघ वडा नं. ५	झ्याम्टा ३ जोडि, झ्यालि ५ थान, ढोलक ४ थान, दराज १ थान, प्लास्टिक कुर्सी १०० थान खरिद	२०००००	उक्त सामानहरु जिन्सीमा आम्दानी नगरेको
४०८-०७७।३।३१	ह्यारो पोइन्ट एकेडेमि	भलिबल, फुटबल, ब्याडमिन्टन, क्रिकेट आदि खेलकुद सामग्री र बाल कथाका पुस्तक खरिद	१०००००	उक्त सामानहरु जिन्सीमा आम्दानी नगरेको
४५४-०७७।३।३१	दलित समन्वय उ.स. वडा नं. ३	भट्टी चुलो ७ थान, त्रिपाल १४ थान खरिद	१०००००	उक्त सामानहरु जिन्सीमा आम्दानी नगरेको
		जम्मा	**१६१०५६७**	

२६. **नश्ल सुधार कार्यक्रम -** नश्ल सुधार कार्यक्रम अन्तर्गत वडा वडामा गई गाई भैंसीलाई कृतिम गर्भाधान एवं पशु खोप सम्बन्धी कार्य गर्न गाँउपालिकामार्फत तोकिएका ए. आई. कार्यकर्तालाई ए.आई. गर्न आवश्यक पर्ने सिमेन, औजार लगायतका सामग्रीहरु गाँउपालिकाले उपलब्ध गराउने र निजहरुले यसरी ए.आई. गरेको पशुहरुलाई खोप लगाएको, बिरामी पशुहरुको औषधी उपचार गरेबापत कार्यालयको तर्फबाट थप सुविधा दिने व्यवस्था देखिएन । गाँउपालिका अन्तर्गतका विभिन्न वडाहरुमा ए.आई. एवं पशु खोप तथा उपचार गरे बापत भनी निम्न ए.आई. कार्यक्रताहरुलाई निम्नानुसार पारिश्रमिक बापतको रकम रु. ३०६८००/- भुक्तानी दिएको देखियो । निजहरुलाई पारिश्रमिक दिन मिल्ने आधार प्रमाण नभएकोले भुक्तानी दिएको उक्त रकम असुल गर्नुपर्ने रु.......... ३०६८००/-

भौ नं. र मिति	ए.आई. कार्यकर्ताको नाम	भुक्तानी रकम

३११-०७७।३।३०	घनश्याम शर्मा	६२०००
३८४-०७७।३।३१	पदम बहादुर श्रेष्ठ	४०८००
३८४-०७७।३।३१	भगुराम बलमपाखी	४०८००
३८४-०७७।३।३१	माधव प्रसाद दाहाल	४०८००
३८४-०७७।३।३१	खगेन्द्र बस्नेत	४०८००
३८४-०७७।३।३१	भिम कुमार राई	४०८००
३८४-०७७।३।३१	घनश्याम शर्मा	४०८००
	जम्मा	**३०६८००**

२७. **आनुपातिक कट्टी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश तोकी सम्झौता भएकोमा उपभोक्ताको योगदान कम भै मूल्यांकन घटी भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएकोले देहायअनुसारको रकम उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु....... ७८८९९/-

गोभौ नं./ मिति	उपभोक्ता समिति कामको विवरण	लागत अनुमान	कार्यालयको अनुदान	कार्य सम्पन्न रकम	भुक्तानी रकम	बढी भुक्तानी रकम
३७६-०७७।३।३१	आदिवासी जनजाती भवन मिर्माण उ.स.	२४०१६३	२०००००	१६४३१४	२०००००	६३१६४
३८३-०७७।३।३१	दलित समन्वय समिति वडा नं. १ मा खानेपानी पाइप खरिद	७५०८४	५९२६५	७४०८१	७५०००	१५७३५
	जम्मा	**३१५२४७**	**२५९२६५**	**२३८३९५**	**२७५०००**	**७८८९९**

२८. **खेलकुद कार्यक्रम** – गाँउपालिकाले स्वीकृत कार्यक्रम अनुसार विनियोजन गरेको बजेट रकम सोही कार्यक्रममा खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष अध्यक्ष कप र उपाध्यक्ष कप खेलकुद कार्यक्रम गर्नको लागि बजेट विनियोजन गरेकोमा कोरोना महामारीको कारण खेलकुद कार्यक्रम हुन सकेको देखिएन । तथापि उक्त कार्यक्रममा विनियोजित बजेटबाट वर्षान्तमा फुटवल, भलिवल, खेलाडीहरुको जर्सी, जुत्ता लगायतका विभिन्न खेलकुद सम्बन्धी सामग्रीहरु देहायअनुसार पटक पटक सोझै खरिद गरी खर्च लेखेको देखियो । यसरी खरिद भएका कतिपय सामग्री जिन्सी दाखिला समेत भएको पाइएन । खेलकुद कार्यक्रम हुननसके पछी बर्षान्तमा खेलकुद सामग्री मात्र खरिद गरी बजेट खर्च गर्नु मनासिव नदेखिएको रु... १२५०१२८/-

भौ नं. र मिति	खरिद विवरण	खर्च रकम	कैफियत
३८८-०७७।३।३१	खेलकुद सामग्री	४९८७८२	वर्षान्तमा खरिद
३९५-०७७।३।३१	सिंहदेवी मा.वि. साँस्कृतिक कार्यक्रम	१०००००	उपाध्यक्ष कप खेलकुद कार्यक्रमको बजेटबाट साँस्कृतिक कार्यक्रममा खर्च
४२७-०७७।३।२१	खेलकुद सामग्री	३६०४९५	वर्षान्तमा खरिद

	४५६-०७७।३।३१	खेलकुद एवं स्टेस्नरी सामग्री	२४९४५१	वर्षान्तमा खरिद भएको सामान जिन्सीमा आम्दानी समेत नभएको	
	४५७-०७७।३।३१	स्टेस्नरी एवं कार्यालय सामग्री खरिद	४१४००	वर्षान्तमा खरिद भएको सामान जिन्सीमा आम्दानी समेत नभएको	
		जम्मा	**१२५०१२८**		
	गाँउपालिका पूँजिगततर्फ				
२९.	**पूँजीगत बजेटबाट चालु प्रकृतिका खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले पूँजिगत शिर्षकबाट देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने चालु प्रकृतिको कार्यमा रु ८०८३४९।०० भुक्तानी दिएकोले उक्त खर्च रकम नियमसम्मत नदेखिएको रु..				८०८३४९/-

गो.भौ. र मिति	बजेट विनियोजन भएको कार्यक्रम	खर्च गरेको कार्यक्रम	रकम
११५।०७७।३।१८	छाँयादेवी मा.वि. फर्निचर तथा व्यवस्थापन	निजि श्रोतको शिक्षकको तलव	३०००००
१३०।०७७।३।२३	कक्फेवा तङनाम बजार व्यवस्थापन	मनोरन्जन कार्यक्रम	१०००००
४६।०७७।२।२८	सिंहदेवी मा.वि. एकतप्पा कार्यालय व्यवस्थापन	शिक्षक कृष्ण प्रसाद अधिकारी को तलब	३०००००
२०८।०७७।३।३१	योजना व्यवस्थापन तथा अनुगमन खर्च	वडा नं.१ को कार्यालय सामग्री खरिद	१०८३४९
	जम्मा		**८०८३४९**

३०.	**ओभरहेड**- भौ नं. २४।०७६।९।२१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको ओभरहेड रकम कट्टि गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले पर्वलक्षित सडक मर्मत उ.स. वडा नं. ४ को लागत अनुमानमा प्रतिघनमिटर रु ६.४० का दरले १०५३८.७५ घनमिटरको हुने रु ६७४४८/- ओभरहेड बापत थप गरेको छ । कार्यालयले उपभोक्ता समितिलाई भुक्तानी दिंदा उक्त ओभरहेड बापतको रकम कट्टि नगरी भुक्तानी गरेको देखियो । यसरी उपभोक्ता समितिलाई भुक्तानी भएको ओभरहेड रकम असुल गर्नुपर्ने रु..	६७४४८/-
३१.	**अग्रीम कर -** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसारको भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले देहायको भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर, बहाल कर तथा सामाजिक सुरक्षा कर गरी जम्मा रु ४१९१५७/- कट्टि गरेको कर रकम दाखिला नगरेकोले सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्ने रु...	४१९१५७/-

गो.भौ.नं. र मिति	भुक्तानी पाउनेको नाम र भुक्तानीको विवरण	कट्टि भएको कर		
		सा.सु. कर	बहाल कर	अग्रीम आयकर
प्रदेश समपुरक अनुदान पूँजिगत				
१।०७७।३।३१	रविलुम्दे नवमी अन्तरेडाडाँ सडक खण्ड क	३६३९	५४५६	४१५४१
२।०७७।३।३१	रविलुम्दे नवमी अन्तरेडाडाँ सडक खण्ड ख	१९६४८	२३४२२	९७८८
३।०७७।३।३१	रविलुम्दे नवमी अन्तरेडाडाँ सडक खण्ड ग	८२३८	६१२४९	३८२५
४।०७७।३।३१	रविलुम्दे नवमी अन्तरेडाडाँ सडक खण्ड घ	१३६९९	२०५१०	२५१९
प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम				
५।०७७।३।३१	पसल भन्ज्याङ सिमसार लिपङ होयाङमा खोला सडक स्तरोन्नती उ.स.	११३२	५१००	२९७००
६।०७७।३।३१	वडा नं. २ को कार्यालयबाट कोल्वोटे साम्रीन सडक स्तरोन्नती उ.स.	१०७३५	८९१०	२२५
७।०७७।३।३१	वडा नं. ४ लुम्दे यथवा भैसेटार मदिम्बा वडा कार्यालय फुयतप्पा सडक स्तरोन्नती	६१२४	३५३१	२९७००
८।०७७।३।३१	विष्णु मा.वि. खेल मैदान	१८६०	०	५५१२
१०।०७७।३।३१	जलकन्या मन्दिर निर्माण फाकफोकथुम ५	३८९५	८९२	२६३४
११।०७७।३।३१	ठिङ्गेपुर सोमवरे दोभान थापागाउँ सडक स्तरोन्नती फाकफोकथुम ४	९१३	०	६६१२
१२।०७७।३।३१	सहिद सुसवी खेलमैदान स्तरोन्नती	११४५३	०	२४४०८
१३।०७७।३।३१	जालपा मा.वि. खेल मैदान निर्माण उ.स.	३३९२	९८३	१८९१३
१०।०७७।३।३१	लक्षित वर्ग समुदायिक भवन निर्माण उ.स.	२४२८	३०००	३७९८
प्रकोप व्यवस्थापन कोष				
१।०७७।२।२२	माता जुरिथुम्कि स्टोर्स	११९३०	०	०
६।०७७।२।२६	ललितकला थापा	८६४३		
	जम्मा	१०६९२९	१३३०५३	१७९१७५

३२. **फर्माको काम –** उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने निर्माण सम्बन्धी कार्यहरुको लागत अनुमान तयार गर्ने प्रयोजनको लागि विभिन्न आइटम कामको दर विश्लेषण गर्दा तोकिएको नर्म्स तथा निर्धारित दररेट लाई आधार लिई यकिन गर्नुपर्दछ । गाँउपालिकाले देहाय अनुसारका योजनाहरुमा फर्मा लगाउने कार्यको दर विश्लेषण गरी लागत अनुमान तयार गर्दा प्लाई तथा काठको स्क्रयाप भ्याल्युलाई नघटाई बढी दर राखी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समिति मार्फत संचालित निम्नानुसारका योजनाहरुमा फर्माको आइटममा यसरी वृद्धिदरबाट हिसाब गर्दा बढी भुक्तानी हुन गएको देखियो । यसरी बढी भुक्तानी हुन गएको सम्बन्धमा सम्बन्धित प्राविधिकलाई समेत जिम्मेवार बनाई असुल गर्नुपर्ने रु...... ८५८३८/-

भौ नं. र मिति	उपभोक्ता समिति एवं योजनाको नाम	कामको आइटम	कामको परिमाण व. मि. मा	दिएको दर रेट	पाउने दर रेट	बढी दर	बढी भुक्तानी
८५-०७७।३।१८	वडा कार्यालय भवन निर्माण वडा नं. ४ उ.स.	फर्माको काम	२७५	६७४.९३	५१८.८६	१५६.०७	४२९१९
२१४-०७७।३।३१	वडा कार्यालय भवन निर्माण वडा नं. ५ उ.स.	फर्माको काम	२७५	६७४.९३	५१८.८६	१५६.०७	४२९१९
	जम्मा						**८५८३८**

३३. **कम्प्युटर वितरण** - भौ.नं. २२७।०७७।३।३१ गाउँपालिकाले संघिय सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान उत्पादनमुलक र पूँजि सृजना हुने क्षेत्रमा खर्च गर्नुपर्दछ । गाउँपालिकाले कृषि सहकारी सञ्जाल शिर्षकबाट देहायका सहकारी संस्थाका प्रतिनिधिलाई ७ थान डेक्सटप कम्प्युटर वितरण कार्यक्रमको लागि रु ४९९९९९।०० सहकारी संजाल समन्वय समिति फाकफोकथुमलाई भुक्तानी गरेको छ । उक्त कम्प्युटर सम्बन्धित संस्थाको जिन्सी खातामा दाखिला गरेको नपाईएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु... ४९९९९९/-

क्र.सं.	सहकारी संस्थाको नाम	संस्थाको प्रतिनिधि	सामानको विवरण
१	जोरथुम्की सहकारी सं. लि.	नरेन्द्र बस्नेत	१ थान डेस्कटप
२	नविकरण सहकारी सं. लि.	वेग ब. निरौला	१ थान डेस्कटप
३	महिला पासाङ्ग स.सं. लि.	रमिता थापा	१ थान डेस्कटप
४	धारापानी स.सं. लि.	गणेश रेग्मी	१ थान डेस्कटप
५	पोखरी कृषि सहकारी	रामकृष्ण घिमिरे	१ थान डेस्कटप
६	दिदीबहिनी स.सं. लि.	गीता प्रधान	१ थान डेस्कटप
७	एकतप्पा कृषि स.सं. लि.	राम कोईराला	१ थान डेस्कटप

प्रदेश समपुरक अनुदान तर्फ

३४. **डीपीआर खर्च –** गाउँपालिकाबाट संचालन हुने योजनाको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) तयार गर्नु पर्दा यथासम्भव कार्यालयका मौजुदा कर्मचारीबाट गराई त्यस्तो प्रतिवेदन जिन्सीमा दाखिला समेत गर्नुपर्दछ र योजना कार्यान्वयन गर्दा उक्त प्रतिवेदनको अनुशरण गर्नुपर्दछ ।गाउपालिकाले यस वर्ष रवी लुम्दे दोभान सडक योजनाको प्राविधिक कर्मचारीबाट विस्तृत सर्भेक्षण गराई रु. ५०००००/- वडा नं. ५ का वडा अध्यक्ष सिद्धमान आलेका नाममा खर्च लेखेको छ । तयार भएको प्रतिवेदन प्रमाणित नहुनुका अतिरिक्त जिन्सीमा आम्दानी समेत गरेको पाइएन । प्रतिवेदनको अध्ययन तथा प्रमाणित नहुँदा प्रतिवेदनमा त्रुटि भएमा त्यसबाट कार्यान्वयन चरणमा हुनसक्ने हानीको जिम्मेवारी कसले लिने स्पष्ट हुन सकेको छैन । साथै अध्ययन कार्य गराउदा लाग्ने खर्चको लागत अनुमान तयार नगरी विभिन्न कर्मचारीका लागि गरेको भुक्तानी नियम सम्मत देखिएन । यस वर्ष सोही सडकको निर्माण कार्य गराउँदा विस्तृत परियोजना प्रतिवेदनको अनुशरण भएको समेत पाईएन । यसले गर्दा डि.पि.आर तयारीमा गरेको खर्च कार्यालयलाई अनावश्यक थप व्ययभार हुन गएको रु... ५०००००/-

३५. **समपुरक अनुदान** - समपूरक अनुदान सम्बन्धि कार्यविधि २०७५ को बुँदा नं. ९(२) मा समपुरक अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत संचालन हुने आयोजना/कार्यक्रममा खर्च गर्न नपाउने व्यवस्था छ । गाउँपालिकाले प्रदेश सरकारबाट प्राप्त रु १०००००००/- समपुरक अनुदान देहाएको १०००००००/-

	एउटै सडक योजनामा टुक्रा पारी उपभोक्ता समिति मार्फत खर्च गरेकोले उक्त खर्च नियम सम्मत नदिखिएको रु..	

गो.भौ.नं. र मिति	कामको विवरण	उपभोक्ता समितिको नाम	रकम
१।०७७।३।३१	सडक निर्माण	रवि लुम्दे नवमी अन्तरेडाडाँ गजुरमुखी दोभान सडक निर्माणको खण्ड (क) चिया बारी भञ्याङ्ग ओडारे स्वास्थ्य चौकी जाने बाटो सम्मको सडक	३०००००
२।०७७।३।३१	सडक निर्माण	रवि लुम्दे नवमी अन्तरेडाडाँ गजुरमुखी दोभान सडक निर्माणको खण्ड (ख) हेमसागर निरौलाको घर देखी नवमी बजार पोखरीगाउँ सम्मको सडक	२५०००००
३।०७७।३।३१	सडक निर्माण	रवि लुम्दे नवमी अन्तरेडाडाँ गजुरमुखी दोभान सडक निर्माणको खण्ड (ग) पोखरी गाउँदेखि जालपा तल्लो स्कुल सम्म सडक	३०००००
४।०७७।३।३१	सडक निर्माण	रवि लुम्दे नवमी अन्तरेडाडाँ गजुरमुखी दोभान सडक निर्माणको खण्ड (घ) जालपा तल्लो स्कुल देखी गजुरमुखी दोभान सम्मको सडक	१५०००००
	जम्मा		१००००००

	सामाजिक सुरक्षा कार्यक्रमतर्फ	
३६.	**सामाजिक सुरक्षा भत्ता वितरण –** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षामा यस वर्ष रु. ५६८१६१००/- खर्च भएकोमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् ।	
३६.१.	प्रत्येक स्थानीय तहले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायमहुने लाभग्राहीको विवरण फाल्गुन मसान्त भित्र व्यवस्थापन सुचना प्रणालीमा अनिवार्य रुपमा प्रविष्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सो अनुसार नगरी लाभग्राहीको साबिककै विवरण र वडाको माग बमोजिम सिधै सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । साथै कार्यालयले तोकिएको ढाँचामा फोटो सहित लाभग्राहीको अभिलेख राखेको पाएइन । यसले गर्दा वितरित रकम सहि हो भनि एकिन गर्न सकिएन ।	
३६.२.	कार्यविधि को बुँदा नं. २२ अनुसार सामाजिक सुरक्षा भत्ता बैक मार्फत मात्र वितरण गर्नुपर्ने, नगदै वितरण गर्नुपरे मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र वितरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले वडा नं ५ को तेस्रो चौमासिकको केही लाभग्राहीको सामाजिक सुरक्षा भत्ता रकम वितरण गर्न बैंकलाई रु. ५६३५००/- निकासा दिएको बाहेक ७ वटा बडाको तिन वटै चौमासिकमा लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेकोमा मन्त्रालयको पूर्व स्वीकृति लिएको देखिएन । गाँउपालिकाले कार्यविधिमा भएको बैंकमार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ ।	
३६.३.	कार्यविधिको बुँदा नं. २५ अनुसार गाँउपालिकाबाट प्राप्त रकम बैंकले १५ दिन भित्र लाभग्राहीको खातामा जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण (रिभर्स फिड सहित) कार्यविधिको अनुसूची–१३ बमोजिम चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतीय माध्यमबाट अनिवार्य रुपमा पठाउनुपर्ने उल्लेख छ । साथै वितरण नभई रकम बाँकी भए सो समेतको विवरण बैंकले कार्यालयलाई उपलब्ध गराउनु पर्दछ । वडा ५ मा तेस्रो	

	चौमासिकमा कृषि विकास बैंक मार्फत भत्ता वितरण गर्न रु. ५६३५००/- निकासा भएकोमा बैंकबाट अनुसूची - १३ अनुसारको विवरण प्राप्त नभएकोले बैंकले लाभग्राहीको खातामा रकम वितरण गरेको यकिन नभएबाट सोको प्रमाण पेश हुनुपर्ने रु.....	५६३५००/-
३६.४.	कार्यालयले प्रथम चौमासिकको वितरित रकमको आधारमा दोस्रो चौमासिकमा र दोस्रो चौमासिकको वितरित रकमको आधारमा तेस्रो चौमासिकमा रकम निकासा दिनु पर्नेमा वितरित रकम भन्दा बढी निकासा दिने र वर्षान्तमा वितरण नभई बाँकि रहेको रकम फिर्ता गर्ने गरेको पाइयो । लाभग्राहीको अद्यावधिक विवरण नरहेको अवस्थामा बढी रकम निकासा दिने र वितरण नभएको रकम ढिला गरी दाखिला गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।	
३६.५.	वडा सचिवहरुले पेश्की लिई सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा वितरण हुन बाँकी रकम संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्दछ । देहाय अनुसारका वडा सचिवहरुले वितरण गर्न बाँकी रकम स्थानीय सञ्चित कोषमा फिर्ता गरेकोले उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.....	१४२७८००/-

सिं नं.	वडा सचिवको नाम	फिर्ता मिति	रकम
१	सुमन खड्का	२०७६।१०।९	१५६६००
२	विष्णुलाल खनाल	२०७६।१०।९	४५०००
३	तिलबिक्रम थापा	२०७६।९।२९	४००००
४	चन्द्रकला बर्देवा	२०७७।५।३	१४६२००
५	तिलरुपा राई	२०७७।५।४	११२०००
६	ललितकला थापा	२०७७।५।४	२५३६००
७	लक्ष्मी श्रेष्ठ	२०७७।५।५	८६६००
८	बिक्रम चौहान	२०७७।५।५	९९२००
९	लेकबहादुर नेम्बाङ्ग	२०७७।५।१०	४८८६००
	जम्मा		**१४२७८००**

३६.६.	कार्यविधिको बुँदा १६ (क) मा असोजको दोस्रो हप्तासम्म प्रथम चौमासिक रकम, माघको दोस्रो हप्तासम्म दोस्रो चौमासिक रकम र जेठको दोस्रो हप्तासम्म तेस्रो चौमासिक रकम वितरण गरिसक्नुपर्ने व्यवस्था रहेकोमा गाँउपालिकाले प्रथम चौमासिकको रकम माघ महिनासम्म, दोस्रो चौमासिकको रकम जेष्ठ महिनासम्म र तेस्रो चौमासिकको रकम आषाढ मसान्तसम्म वितरण गरेको पाइयो । कार्यविधि अनुसार समयमा भत्ता रकम वितरण गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
३६.७.	कार्यविधिको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन । तसर्थ कार्यविधिको पालनामा ध्यान पुर्याउँनुपर्दछ ।	

३६.८. सामाजिक सुरक्षा भत्ता वितरण गर्दा लाभग्राहीको विवरण अभिलेखमा प्रविष्ट गरी दोहोरो नपर्ने गरी वितरण गर्नु पर्दछ । सामाजिक सुरक्षा भत्ता वितरणको नमुना छनौट गरी वडा नं. १ र ४ को स्रेस्ता परीक्षण गर्दा गाँउपालिकाले पेश गरेको विवरण अनुसार एकै व्यक्तिलाई दोहोरो पर्ने गरी भत्ता दिएको देखिँदा यस्तो भत्ता रकम असुल हुनुपर्ने रु..... ६४००/-

वडा नं.	चौमासिक	नागरिकता नं.	लाभग्राहीको नाम	भत्ता प्रकार	रकम	कैफियत
४	दोस्रो	-	कृति मगर	आंशिक अपाङ्ग	६४००	दोहोरो
				जम्मा	**६४००**	

संघीय सर्शत चालुतर्फ

३७. **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

सि.नं.	विद्यालयको संख्या	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	४१ विद्यालय	२२६	२२५	१०५	४२९९

३८. **विद्यालयगत निकासा रजिष्ट्रर -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ ।

३९. **चाडपर्व खर्च -** नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा १ महिनाको आधारभुत पारिश्रमिक वरावरको चाडपर्व खर्च उपलब्ध गराउने उल्लेख छ । निम्न कर्मचारीहरुको करार अवधि ६ महिना नपुग्दै चाडपर्व खर्च भुक्तानी भएकोले दिन नमिल्ने उक्त रकम असुल हुनुपर्ने रु... ३१३२१०/-

विद्यालयको नाम	कर्मचारी / शिक्षकको नाम	नियुक्ति मिति	चाडपर्व बापतको रकम
गुरुउदय आ.वि., एकतप्पा	टिकाराम पौडेल	२०७६।२।२३	४५००
शिद्ध आ.वि. फूएतप्पा	इन्दिरा कार्की	२०७६।२।१९	२६६१०
शिद्ध आ.वि. फूएतप्पा	सञ्जु दाहाल	२०७६।२।२०	२६६१०
सिंहदेवी मा.वि.,फूएतप्पा	मञ्जु भण्डारी	२०७६।२।१७	२६६१०
सिंहदेवी मा.वि.,फूएतप्पा	रञ्जना पौडेल	२०७६।५।५	२६६१०
विष्णु मा.वि., फूएतप्पा	दिपेश रेग्मी	२०७६।५।८	११५००
विष्णु मा.वि., फूएतप्पा	सन्ध्या खतिवडा	२०७६।२।१७	२६६१०
विष्णु मा.वि., फूएतप्पा	यासिकला मुखिया	२०७६।२।१७	२६६१०
फाकफोक आ.वि., फाकफोक	धनमती राई	२०७६।५।९	४५००
फाकफोक आ.वि., फाकफोक	धन बहादुर समाल	२०७६।५।८	२६६१०
ज्योती आ.वि., फाकफोक	सुरेन्द्र निरौला	२०८७।२।१७	२६६१०

जलपा मा.वि, लुम्दे	दिपक घिमिरे	२०७६।५।७	२६६१०
जलकन्या आ.वि., लुम्दे	सुनिता दर्लामी	२०७६।२।१७	२६६१०
जलकन्या आ.वि., फूएतप्पा	खगेन्द्र दाहाल	२०७६।५।७	२६६१०
		जम्मा	**३१३२१०**

४०. **प्रोत्साहन अनुदान** – भौ नं. ६३-०७७।३।२७ आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३५ मा कार्यालयले सम्वन्धित खर्च शीर्षक मिलाई खर्च लेख्नुपर्ने उल्लेख छ । गाँउपालिकाले संघीय कार्यक्रम तर्फको प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी प्रोत्साहन अनुदान शिर्षकबाट ४८ जना बाल विकास सहजकर्ताहरुलाई रु. १० हजारका दरले प्रोत्साहन स्वरुप रु. ४ लाख ८० हजार खर्च लेखेको छ । प्रदेश सरकारबाट प्राप्त उक्त रकमलाई संघीय सरकारको कार्यक्रमबाट खर्च लेखेको नियमसम्मत नदेखिएको रु........... ४८००००/-

४१. **पाठ्यपुस्तक अनुदान** – भौ नं. ६२-०७७।३।२७ कार्यक्रम कार्यान्वयन पुस्तिकामा विद्यालयहरुलाई पाठ्यपुस्तक बापत रकम निकासा गर्दा विद्यार्थी संख्या सत्यापन गराई तोकिएको दरमा रकम निकासा दिनुपर्ने उल्लेख छ । गाँउपालिकाले परम्परागत विद्यालयको रुपमा सञ्चालन भईरहेको विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम निकासा गर्दा देहाय अनुसार तोकिएको भन्दा बढी दरले बिल भरपाईको आधारमा भुक्तानी दिएकोमा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु........ ४८५५७/-

कक्षा	विद्यार्थी संख्या	खरिद दर	तोकिएको दर	रकम	७५ प्रतिशत निकासा रकम
नर्सरी	५	१४०	-	७००	५२५
एल.के.जी.	१८	११५०	-	२०७००	१५५२५
एक	१०	१३४०	५१८	८२२०	६१६५
दुई	५	१३८८	२५७	५६५५	४२४१
तिन	८	१५३०	३१७	९७०४	७२७८
चार	९	१७२१	३७०	१२१५९	९११९
पाँच	५	१९२६	४०५	७६०५	५७०४
			जम्मा	**६४७४३**	**४८५५७**

४२. **खर्च शिर्षक** – कार्यालयले स्वीकृत बजेट खर्च गर्दा रकमगत खर्चको वर्गीकरण र ब्याख्यामा उल्लेख भए अनुसार सम्बन्धित शिर्षक भित्र पर्ने गरी खर्च लेख्नुपर्दछ । कार्यालयले देहायको विवरण अनुसार शिर्षक नमिलाई फरक शिर्षकमा खर्च लेखेको देखिँदा यस्तो खर्च रकम नियमसम्मत नदेखिएको रु...... ६२६२३५०/-

भौ नं. र मिति	खर्च विवरण	खर्च लेखेको शिर्षक	खर्च लेख्नुपर्ने शिर्षक	खर्च रकम
		संघीय सशर्त तर्फ		
७०-०७७।३।३०	जानकी मा.वि. मा आई.सि.टी. ल्याब स्थापना	प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान	विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	६५००००
७३-०७७।३।३०	छाँयादेवी मा.वि. मा आई.सि.टी. विज्ञान प्रयोगशाला स्थापना	प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान	विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	६५००००
७४-०७७।३।३१	ज्योती आ.वि.मा पुस्तकालय सञ्चालन अनुदान	विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान	विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	३५२३५०

	८३-०७७।३।३१	श्री सिंहदेवी मा.वि. एकतप्पामा २ कोठे भवन निर्माण	विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान	भौतिक पूर्वाधार निर्माण अनुदान	१६०००००
	८४-०७७।३।३१	श्री सिंहदेवी मा.वि. आमचोकमा विज्ञान प्रयोगशाला स्थापना	विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान	भौतिक पूर्वाधार निर्माण अनुदान	६५००००
	८८-०७७।३।३१	श्री सिंहदेवी आ.वि. फूएतप्पा मा शौचालय निर्माण	प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवं कक्षा ८ को परिक्षा व्यवस्थापन अनुदान	भौतिक पूर्वाधार निर्माण अनुदान	७०००००
	८९-०७७।३।३१	राष्ट्रिय आ.वि. कोल्बोटे मा ४ कोठे भवन निर्माण	विभिन्न ४ शिर्षक	भौतिक पूर्वाधार निर्माण अनुदान	१६०००००
	गाँउपालिका चालु तर्फ				
	१४२-०७७।१।१९	पुल हेरालुलाई पारीश्रमिक वितरण	सामाजिक सुरक्षा	करार सेवा शुल्क	६००००
		जम्मा			**६२६२३५०**

४३.	**महिनावारी व्यवस्थापन सामाग्री -** गाँउपालिकाले खरिद गरेको सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले यसरी प्राप्त सामान जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ । समुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामाग्री वितरण कार्यको लागि गाँउपालिकाले यस आर्थिक वर्षमा १५५२१ थान सेनिटरी प्याड खरीद गरी रु. १०७०९१४ खर्च गरेको छ । पालिकाले खरिद गरेको सेनिटरी प्याड १४ विद्यालयलाई हस्तान्तरण भएको देखिएकोमा देहाय अनुसारका विद्यालयहरुले उक्त सेनिटेरी प्याड सम्बन्धित छात्राहरुलाई वितरण गरेको प्रमाण नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु...	४०६२०३/-

सि.नं.	विद्यालयको नाम	हस्तान्तरीत प्याड संख्या	वितरित प्याड संख्या	वितरण हुन बाँकी प्याड	रकम
१	विजय आ.वि.-१	४७६	०	४७६	३२८४४
२	छाँयादेवी मा.वि.-१	९९९	०	९९९	६८९३१
३	सिंहदेवी मा.वि.-४	८३८	०	८३८	५७८२२
४	विष्णु मा.वि.-४	१०५२	०	१०५२	७२५८८
५	खाम्बाङ्ग मा.वि.-१	३१५	२६०	५५	३७९५
६	राष्ट्रिय मा.वि.-२	१५७५	९२०	६५५	४५१९५
७	जनकल्याण मा.वि.-७	१२९३	८७०	४२३	२९१८७
८	सिंहदेवी मा.वि.-७	२४०६	१२७२	११३४	७८२४६
९	जानकी मा.वि.-६	९०५	६५०	२५५	१७५९५
	जम्मा			**५८८७**	**४०६२०३**

४४.	**कन्टीनजेन्सी कट्टी -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शनकोको बुँदा नम्बर १७ मा सशर्त अनुदान अन्तरगत विद्यालय भौतिक निर्माण सुधार कार्यक्रमको लागि स्थानीय तहमा प्राप्त रकमबाट कन्टिन्जेन्सी रकम कटौती गर्न नपाईने उल्लेख छ । गाँउपालिकाले देहाय अनुसार सशर्त अनुदान तर्फको भौतिक निर्माण सुधार कार्यक्रम सञ्चालन गर्दा कन्टिन्जेन्सी बापत रु. २३४०००/- कट्टा गरि खर्च लेखेको पाइयो । यसरी कट्टी गर्न नमिल्ने कन्टिन्जेन्सी बापतको रकम संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु......	२३४०००/-

गोभौनं./मिति	कामको विवरण	भुक्तानी रकम	कन्टिनजेन्सी कट्टी
संघीय सशर्त चालु तर्फ			

८३-०७७।३।३१	सिंहदेवी मा.वि. एकतप्पा ४ कोठे भवन निर्माण	१६०००००	४८०००
८८-०७७।३।३१	सिंहदेवी आ.वि. फूएतप्पा शौचालय निर्माण	७०००००	२१०००
८९-०७७।३।३१	राष्ट्रिय मा.वि. कोल्बोटे ४ कोठे भवन निर्माण	१६००००००	४८०००
संघीय सशर्त पूँजिगत तर्फ			
६-०७७।३।१९	विष्णु मा.वि. फूएतप्पा ४ कोठे भवन निर्माण	१६०००००	४८०००
९-०७७।३।३१	जलकन्या आ.वि. लुम्दे ४ कोठे भवन निर्माण	१६०००००	४८०००
११-०७७।३।३१	पञ्चकन्या आ.वि. एकतप्पा शौचालय निर्माण	७०००००	२१०००
	जम्मा	**७८०००००**	**२३४०००**

४५.	**विद्यालय छनौट –** कार्यक्रम कार्यान्वयन पुस्तिकामा भौतिक निर्माण सुधार कार्यक्रम सञ्चालन गर्न स्थानीय तहस्थित सम्पुर्ण विद्यालयहरुको अनुसूची ५ मा उल्लेखित मापदण्डका आधारमा भौतिक सर्वेक्षण गरी आवश्यकताको आधारमा प्राथमिकताक्रम निर्धारण गरी सुचकाङ्क सहितको विवरण तयार गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले सोही व्यवस्था बमोजिम प्राथमिकताक्रमका आधारमा विद्यालय छनौट गरेको पाइएन ।	
४६.	**सौचालय निर्माण -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं. ८ अन्तरगत छात्रा शौचालय निर्माण गर्दा प्रयोग भैसकेको स्यानिटरी प्याडलाई इन्सिनिरेटरको प्रयोग गरी नष्ट गर्ने सहितको व्यवस्था गर्ने तथा वाश सुविधा भएको शौचालय निर्माण गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले सौचालय निर्माण गर्न सोही व्यवस्था बमोजिमको लागत अनुमान तयार नगरेको हुँदा यस वर्ष २ वटा विद्यालयमा निर्मित सौचालयमा रु. १४०००००/- खर्च गरेकोमा वाश बेसिन तथा इन्सिनिरेटरको व्यवस्था रहेको पाइएन । सशर्त अनुदान बापतको रकम खर्च गर्दा तोकिएको शर्त र व्यवस्था बमोजिम गर्नुपर्दछ ।	
४७.	**गाँउ घर क्लिनिक सञ्चालन -** भौ नं. १४-०७६।८।१० आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण संलग्न गर्नुपर्दछ । गाँउपालिकाले गाँउघर क्लिनिक तथा नसर्ने रोग सम्बन्धी शिविर सञ्चालन गरे बापत कविराज निरीक्षक श्री धनराज ठाकुरलाई रु. ६०००/- भुक्तानी दिएकोमा उपस्थिती माइन्युट, सञ्चालन मिति र स्थान लगायतका शिविर सञ्चालन सम्बन्धी आधारभुत प्रमाण कागजातहरु संलग्न नभएकोले खर्चको पुष्टयाई हुन नसकेको रु.....	६०००/-
	सुरक्षित नागरिक आवास कार्यक्रम तर्फ	
४८.	**कार्यसम्पन्न प्रतिवेदन-** सुरक्षित नागरिक आवास कार्यक्रमको लागी छनौट भएका १३ जना लक्षित वर्गलाई विनियोजन गरेको प्रति व्यक्ति रु. ५००००/- को प्रथम किस्ता बापत जस्तापाता र काठ लगायतका सामग्री खरिद गर्न जनही रु. ३००००/- का दरले रु. ३९००००/- खर्च लेखेकोमा वर्षको अन्त्य सम्ममा पनि उक्त कार्यको कार्यसम्पन्न नभएकोले कार्यसम्पन्न गरी प्रतिवेदन पेश हुनुपर्ने रु.......	३९००००/-
	स्थानीय पूर्वाधार विकास कार्यक्रम	
४९.	**बढी भुक्तानी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार कार्यालयले स्वीकृत बजेट बाट खर्च लेख्दा संलग्न विल भरपाईको जोड जम्मा गरी हुन आउने रकम मात्र खर्च लेख्नुपर्दछ । गाँउपालिकाले दोकान डाँडाँ सिङलाबु सासिन कोल्बोटे सल्लेरी आमचोक सडक स्तरोन्नती उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा साधारण नरम चट्टान काट्ने कार्य आइटमको नापी किताबमा उल्लेखित परीमाण भन्दा ठेक्का सम्बन्धी बिलमा बढी परिमाण प्रविष्टी गरी देहायअनुसार बढी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्ने रु....	७०८५/-

भौ नं. र मिति	कामको आइटम	नापी अनुसार परिमाण (घ. मि.)	ठेक्का बिलमा प्रविष्टी परिमाण (घ. मि.)	बढी परिमाण (घ. मि.)	दर	बढी भुक्तानी
५-०७७।३।३१	साधारण नरम चट्टान काट्ने कार्य	२१०७।६५	२१६२।५१	५४।८६	१२९।१५	७०८५

५०.	**पाथीभारा रंगशाला खेलमैदान** - भौ नं. ९-०७७।३।३१ गाँउपालिकाले सार्वजनिक जग्गाको सुनिश्चितता पश्चात मात्र सार्वजनिक निर्माणको कार्य गर्नुपर्दछ । गाँउपालिकाले पाथिभारा रंगशाला खेलमैदान निर्माण गर्न उपभोक्ता समितिसँग २०७७।२।२७ मा सम्झौता गरेको भएतापनि उक्त सम्झौता अवधिमा खेलमैदान निर्माण गर्नुपर्ने जग्गा निजी स्वमीत्वमा रहेकोमा २०७७।३।१४ मा मात्र सिंहेवी मा.वि. फाकफोकथुम-७ को स्वामित्वमा आएको पाइयो । गाँउपालिकाले जग्गाको स्वामित्व ग्रहण नगरी निर्माण कार्य सञ्चालन गर्नु हुँदैन ।	
	धरौटी तर्फ	
५१.	**धरौटीको लेखा** - कार्यालयले धरौटी खातामा आम्दानी जनाउदा धरौटी राख्नेको नाम र धरौटी दाखिला बैंक भौचर धरौटीको लेखासाथ संलग्न गर्नुपर्दछ । गाँउपालिकाले पेश गरेको एकिकृत आय व्ययमा गत वर्षको धरौटी मौज्दात रु. ५४०४१८८/-, यस वर्ष प्राप्त धरौटी रु. ९३२३२१/-, फिर्ता रु. ४०४०९७३/- र बाँकी रु. २२९५५३६/- भएको जनाएको छ । पालिकाले धरौटीको व्यक्तिगत खाता नराखुको अतिरिक्त धरौटीमा आम्दानी गर्नेको नाम र धरौटी दाखिला बैंक भौचर संलग्न गरी आम्दानी जनाएको समेत देखिएन । कार्यालयले यस वर्ष धरौटीमा आम्दानी देखाएको रु. ९३२३२१/- को नामनामेसी र आम्दानीको बैंक भौचर धरौटीको लेखा साथ संलग्न गरेको छैन । तसर्थ यस वर्ष प्राप्त धरौटी आम्दानीको यकिन हुन नसकेको रु......	९३२३२१/-
	आन्तरिक आय	
५२.	**आम्दानीको अभिलेख** - गाँउपालिकाले विभिन्न श्रोतको आम्दानी संकलन गर्दा यथासम्भव सफ्टवेयरको प्रयोग गरी बैङ्किग प्रणाली मार्फत गर्नुपर्दछ । गाँउपालिका अन्तर्गतका सबै वडाहरुमा उक्त सफ्टवेयर सुविधा उपलब्ध हुन नसकी म्यानुवल तवरबाट आय संकलन गर्नु पर्ने अवस्थामा नगदी रसिदको आम्दानी खर्च र बाँकीको स्पष्ट अभिलेख देखिने गरी नगदी रसिद नियन्त्रण खाता तयार गरी प्रयोग भएका नगदी रसिदको दैनिक आम्दानीलाई दैनिक आम्दानी खातामा प्रविष्ट गरी सो को दैनिक जोड जम्मा देखाई, तोकिएको समय भित्रै नगद रकम बैंक दाखिला गरी आम्दानीको हिसाबलाई स्पष्ट र पारदर्शी बनाउनु पर्दछ । गाँउपालिकाले छपाई गरेको नगदी रसिद जिन्सीमा आम्दानी नगर्नुको अतिरिक्त कुन कुन वडाहरुलाई के कती रसिद नम्वरका के कति थान नगदी रसिद प्रयोग गर्न दिएको हो सो समेतको स्पष्ट अभिलेख नराखेकोले गाँउपालिका र वडाहरुले प्रयोग गरेको नगदी रसिदको हिसाब यकिन हुन सकेन । जसले गर्दा आम्दानी हुनुपर्ने र बैंक दाखिला गर्नुपर्ने रकमको यर्थाथ हिसाब एकिन हुन सकेन । तसर्थ गाँउपालिकाले आन्तरिक आयको अभिलेख लाई थप व्यवस्थित बनाई सुधार गर्नुपर्दछ ।	
५३.	**पेश्की** - आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्नेमा निम्न अनुसारको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु...	२२९५५८०/-

पेश्की लिनेको नाम	पेश्की दिएको मिति	रकम
गाँउपालिका पूँजिगत तर्फ		

फुङखोला दोभान झोलुङ्गे पुल निर्माण उ.स.	-	१०००००
वडा सचिव लेक बहादुर नेम्बाङ्ग	-	२०८१६००
गाँउपालिका चालु तर्फ		
वडा सचिव तिल बिक्रम लिम्बु	-	५००००
वडा सचिव तिल बिक्रम लिम्बु	-	२५०००
फिल्ड अपरेटर बिमल घिमिरे	-	३८९६०
संघीय सरकारबाट हस्तान्तरित चालु तर्फ		
आयुर्वेद निरीक्षक धनराज ठाकुर	-	२०
जम्मा		**२२९५५८०**

अनुगमन तथा सम्परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्र्यौटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
१	०७४।७५	११	गा.पा. अध्यक्ष रामकुमार श्रेष्ठको बढी सुविधा भुक्तानी असुल गरी दाखिला	२४०००				२४०००
२	०७४।७५	११	वडा अध्यक्ष यम बहादुर खत्री पौडेलको बढी सुविधा भुक्तानी असुल गरी दाखिला	१२००००				१२००००
३	०७४।७५	११	वडा अध्यक्ष टेकविर लिम्बुको बढी सुविधा भुक्तानी असुल गरी दाखिला	१२००००				१२००००
४	०७४।७५	११	सदस्य बाल कुमारी परियारको बढी सुविधा भुक्तानी असुल गरी दाखिला	६०००				६०००
५	०७४।७५	११	सदस्य खड्ग बहादुर राईको बढी सुविधा भुक्तानी असुल गरी दाखिला	६०००				६०००
६	०७४।७५	११	सदस्य हर्कमाया राईको बढी सुविधा भुक्तानी असुल गरी दाखिला	६०००				६०००
७	०७५।७६	१९	अग्रीम कर दाखिला भएको	९००				९००
८	०७५।७६	२३	तिलरुपा राईको बढी भुक्तानी असुल भएको	२३८०				२३८०
९	०७५।७६	२३	सरिता देवी खतिवडाको बढी भुक्तानी असुल भएको	५३५५				५३५५
१०	०७५।७६	२३	पर्शुराम अधिकारीको बढी भुक्तानी असुल भएको	९५२०				९५२०
११	०७५।७६	२५	गा.पा. अध्यक्ष रामकुमार श्रेष्ठको बढी सुविधा भुक्तानी असुल गरी दाखिला	२१३८४०				२१३८४०
१२	०७५।७६	२५	वडा अध्यक्ष यम बहादुर खत्री पौडेलको बढी सुविधा भुक्तानी असुल गरी दाखिला	१३८६००				१३८६००
१३	०७५।७६	२५	वडा अध्यक्ष टेकविर लिम्बुको बढी सुविधा भुक्तानी असुल गरी दाखिला	१२०७८०				१२०७८०
१४	०७५।७६	२५	सदस्य बाल कुमारी परियारको बढी सुविधा भुक्तानी असुल गरी दाखिला	२९७००				२९७००
१५	०७५।७६	२५	सदस्य खड्ग बहादुर राईको बढी सुविधा भुक्तानी असुल गरी दाखिला	२९७००				२९७००

१६	०७५।७६	२५	सदस्य हर्कमाया राईको बढी सुविधा भुक्तानी असुल गरी दाखिला	२९७००				२९७००
१७	०७५।७६	२५	सदस्य बालकृष्ण भट्टराईको बढी सुविधा भुक्तानी असुल गरी दाखिला	२९७००				२९७००
१८	०७५।७६	२५	सदस्य लक्ष्मीमाया राईको बढी सुविधा भुक्तानी असुल गरी दाखिला	२९७००				२९७००
१९	०७५।७६	१७	स्रोत व्यक्ति खगेन्द्र प्रसाद भट्टराईको पेश्को प्रमाण पेश भई फछ्र्यौट				८०९००	८०९००
२०	०७५।७६	३२	एकतप्पा बहुमुखी क्याम्पसको मू.अ.कर बेरुजु असुल भई फछ्र्यौट	५०८६				५०८६
२१	०७५।७६	३२	जानकी मा.वि.को मू.अ.कर बेरुजु असुल भई फछ्र्यौट	४७१३				४७१३
२२	०७५।७६	२२	सिंहदेवी मा.वि. ३ को आई.सि.टी. सामाग्री खरिदको जिन्सी दाखिला प्रमाण पेश		६५००००			६५००००
२३	०७५।७६	२२	जनकल्याण मा.वि. ७ को विज्ञान प्रयोगशाला सामाग्री खरिदको जिन्सी दाखिला प्रमाण पेश		६५००००			६५००००
२४	०७५।७६	२२	जानकी मा.वि. ६ को पुस्तकालय सामाग्री खरिदको जिन्सी दाखिला प्रमाण पेश		६५००००			६५००००
२५	०७५।७६	२२	फलाँटे मा.वि. ६ को ई पुस्तकालयको सामाग्री खरिदको जिन्सी दाखिला प्रमाण पेश		६५००००			६५००००
२६	०७५।७६	२२	खाम्बाङ्ग मा.वि. १ को आई.सि.टी. सामाग्री खरिदको जिन्सी दाखिला प्रमाण पेश		६५००००			६५००००
२७	०७५।७६	२२	राष्ट्रिय मा.वि. २ को विज्ञान प्रयोगशालाको सामाग्री खरिदको जिन्सी दाखिला प्रमाण पेश		६५००००			६५००००
२८	०७५।७६	२२	सिंहदेवी मा.वि. ७ को पुस्तकालयको सामाग्री खरिदको जिन्सी दाखिला प्रमाण पेश		६५००००			६५००००
२९	०७५।७६	२८	प्र.प्र.अ. डिल्लीराम सुवेदीको बढी भ्रमण तथा अनुगमन खर्च असुल भई दाखिला भएको	३००५०				३००५०
			जम्मा					**५५९२६२४**

संचित कोष तथा बेरुजुको स्थिति - पालिकाको संचित कोषको विवरण, बेरुजु बर्गिकरण र अद्यावधिक वेरुजुको स्थिति क्रमश अनुसूची १, २ र ३ मा समावेश गरिएको छ ।

सञ्चित कोषको स्थिति

अनुसूची-१

क्रस	प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा/नगर/गाउँपालिका	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्यय				मौज्दात बाँकी
								गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
9	प्रदेश नं.१	इलाम	फाकफोकथुम गाउँपालिका	गाउँपालिका	८२२९३७	५६०६०	६.८१	३१८८०	२९६१६८	४९४६०	१७१६८	६८२२७	४३१०२३	२११४८२	१०५८६९	७४५६३	३९१९१४	७०९८९

बेरुजु बर्गीकरण

अनुसूची-२

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा/नगर/गाउँपालिका	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
				दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
				सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
प्रदेश नं.१	इलाम	फाकफोकथुम गाउँपालिका	गाउँपालिका	२५	३६	५६०६०	०	०	०	२५	३६	५६०६०	२३२७	२४७५५	२६६८२	०	०	५१४३७	२१९६	१००	२२९६

अद्यावधिक बेरुजुको स्थिति

अनुसूची-३

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा/नगर/गाउँपालिका	गत वर्षको अनुसूचीबाट	समायोजन	गत बर्ष सम्मको बाँकी वेरुजु	सं.प.को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की
प्रदेश नं.१	इलाम	फाकफोकथुम गाउँपालिका	गाउँपालिका	१९२२६	०	१९२२६	५५९३	५५९३	०	०	१३६३३	५६०६०	६९६९३	२२९६